# ईओसी तथ्य पत्र २००९/२०१०

## हामी को हौं

समान अवसर आयोग लैङ्गिक भेदभाव अध्यादेश (एसडिओ), अपांगता भेदभाव अध्यादेश (डिडिओ), पारिवारिक हैसियत भेदभाव अध्यादेश (एफएसडिओ) र जातिय भेदभाव अध्यादेश (आरडिओ) नामक हङ्कङ्गमा रहेका भेदभाव विरुद्धका अध्यादेशहरुको कार्यान्वयनको लागि जिम्मेवार एक वैधानिक निकाय हो ।

## हामी के गर्छौं

- ४ भेदभाव विरुद्धका कानूनहरु अन्तर्गत दायर भएका उजूरीहरुको अनुसन्धान गर्ने र विवादका पक्षहरु लाई मध्यस्थताको लागि प्रोत्साहन गर्ने,
- पिडित व्यक्तिहरुलाई कानूनी सहायता प्रदान गर्ने,
- शिक्षा तथा प्रचार,
- कानूनको पुनरावलोकन गर्ने र मार्ग दर्शन प्रदान गर्ने,
- भेदभाव तथा समान अवसरहरु सम्बन्धी मुद्धाहरुमा अनुसन्धान गर्ने ।

## एक वर्षमा हांसिल भएका उपलब्धीहरु

- मध्यस्थता एवं कानूनी सहायताको माध्यमबाट करीब १,२०,००,००० हङ्कङ्ग डलर क्षतिपूर्ति सुरक्षित गरिएको,
- ६२ प्रतिशत उजुरीहरु मध्यस्थताको तहको दौरानमा सफलता पूर्वक मध्यस्थता गरिएका,
- प्रतिष्ठान संचालन, आन्तरिक नियन्त्रण एवं संचालन सक्षमताको सुधारको लागि गरिएका कैयन् सिफारिसहरु कार्यान्वयन भएका,
- प्रति महिना ७५,००० मानिसहरुद्धारा हाम्रो वेबसाइट हेरिएको,
- करीब ८०,००० मानिसहरुले ईओसी सूचना पत्रको हरेक अंक प्राप्त गरेका,
- ५७,००० विद्यार्थीहरुद्धारा हाम्रो ईओ खेल अवलोकन गरिएको,
- ३२,००० रोजगारदाताहरु, कर्मचारीहरु तथा इच्छुक व्यक्तिहरुले हाम्रा प्रशिक्षण लिएका थिए,
- हाम्रो हटलाइनद्धारा १५,००० सोधपुछको जवाफ दिइएको तथा १,११४ वटा उजूरीहरु हेरिएको,
- समान अवसर प्रदान गर्न हाम्रो अनुदान योजना मार्फत ६३ वटा मुनाफा रहित संघ संस्थाहरुलाई १५,६०,००० हङ्कङ्ग डलर प्रदान गरिएको,
- ईओसी को जातिय स्वीकार्य सर्वेक्षणमा १०,००० घर परिवार सहभागी भएका थिए ।

## १,११४ उजूरी हेरिएको

| | रोजगार सम्बन्धी | गैर रोजगार सम्बन्धी | जम्मा |
|---|---|---|---|
| अपांगता भेदभाव अध्यादेश | ४६३ | १५० (नोट १) | ६१३ |
| लैङ्गिक भेदभाव अध्यादेश | ३९७ | ३६ | ४३३ |
| जातिय भेदभाव अध्यादेश | १३ | २६ | ३९ (नोट २) |
| पारिवारिक हैसियत भेदभाव अध्यादेश | २३ | ६ | २९ (नोट ३) |

अपांगता भेदभाव अध्यादेश अन्तर्गत रोजगार सम्बन्धी ४६३ उजूरीहरु - अधिकांश उजूरीहरु विरामी विदा एवं कार्यस्थलमा हुने चोटपटक सम्बन्धी थिए ।

| | |
|---|---|
| अपांगता भेदभाव | ४२२ |
| अपांगता उत्पीडन | ३७ |
| पिडित बनाइएका | ४ |
| जम्मा: | ४६३ |

लैङ्गिक भेदभाव अध्यादेश अन्तर्गत रोजगार सम्बन्धी ३९७ उजूरीहरु - अधिकांश उजूरीहरु गर्भावस्थामा भेदभाव एवं यौन उत्पीडन सम्बन्धी थिए ।

| | |
|---|---|
| गर्भावस्थामा भेदभाव | २२७ |
| यौन उत्पीडन | ११३ |
| पिडित बनाइएका | २१ |
| लैङ्गिक भेदभाव | ३१ |
| वैवाहिक हैसियत सम्बन्धी भेदभाव | ५ |
| जम्मा: | ३९७ |

**नोट १:** अपांगता भेदभाव अध्यादेश अन्तर्गत गैर रोजगार सम्बन्धी १५० उजूरीहरु - अधिकांश उजूरीहरु वस्तु, सेवा तथा सुविधाहरुको प्रावधानका साथै घर कम्पाउण्डमा प्रवेश सम्बन्धी थिए ।

**नोट २:** जातिय भेदभाव अध्यादेश सम्बन्धी ३९ उजूरीहरु - अधिकांश उजूरीहरु गैर रोजगारसंग सम्वन्धित थिए (जस्तैः वस्तु, सेवा तथा सुविधाहरुको सम्बन्धमा जातिय भेदभाव)

**नोट ३:** लैङ्गिक भेदभाव अध्यादेश र अपांगता भेदभाव अध्यादेशमा जस्तै गरी पारिवारिक हैसियत भेदभाव अध्यादेशमा समेत अधिकांश उजूरीहरु रोजगार सम्बन्धी थिए ।

**कानूनी सहायता**

| | प्रदान गरिएका | प्रदान नगरिएका | विचाराधिन | फिर्ता लिइएको |
|---|---|---|---|---|
| अपांगता भेदभाव अध्यादेश | १८ | १९ | ११ | १ |
| लैङ्गिक भेदभाव अध्यादेश | १२ | ३ | ३ | - |
| पारिवारिक हैसियत भेदभाव अध्यादेश | - | १ | - | - |
| जातिय भेदभाव अध्यादेश | - | १ | - | - |
| जम्मा: | ३० | २४ | १४ | १ |

६९ वटा मुद्दाहरु हेरिएका - ३० वटालाई कानूनी सहायता प्रदान गरिएको, २४ वटालाई सो सहायता उपलब्ध नगराइएको, १४ वटा मुद्दा विचाराधिन र १ मुद्दा फिर्ता लिइएको ।

**कानूनी सहायता प्रदान गर्नुका मुख्य कारणहरुः**

- महत्वपूर्ण कानूनी विषयहरुमा नजीर मुद्दा स्थापित गर्न,

- हङ्गकङ्गमा अझै पनि व्यापक रुपमा रहेका भेदभावका विषयहरुमा जन जागरण अभिवृद्धि गर्न, उदाहरणको लागि- गर्भावस्थामा हुने भेदभाव एवं घर पर्खाल हातामा प्रवेश सम्बन्धी,
- भेदभाव उन्मुलनको लागि संस्थागत रुपमा परिवर्तन हासिल गर्न ।

**कानूनी सहायता अस्वीकार गरिनुका मुख्य कारणहरु:**

- अदालतमा अपेक्षाकृत रुपमा सफल हुन सहयोग पुर्‍याउने पर्याप्त प्रमाणको कमी ,
- सैद्धान्तिक रुपमा महत्वपूर्ण प्रश्न समावेश नभएको मुद्धा,
- कानूनी कार्यवाहीबाट कुनै अर्थपूर्ण परिणाम हांसिल गर्न नसकिने ।

**समाधानका शर्तहरु**

**मध्यस्थता वा कानूनी सहायता पश्चात समाधानका शर्तहरु:**

- आर्थिक क्षतिपूर्ति, रोजगारको प्रस्ताव, पुनर्बहाली, कल्याणकारी कोषलाई चन्दा
- सुविधाका प्रावधान, शिक्षा/तालिम कार्यक्रमका प्रावधान, वस्तु, सेवा र सुविधाहरुको प्रावधान एवं सुविधाहरु तथा उपयोग, प्रवेशमा सुधार
- सिफारिस पत्र, क्षमा याचना, उजुरीकर्ताद्धारा विपक्षीको स्पष्टीकरणलाई स्वीकार
- नीति/अभ्यासमा परिवर्तन, भेदभाव पूर्ण अभ्यासलाई हटाउने प्रतिबद्धता, भविष्यमा हुने कार्यहरुमा निषेध, अनुशासनको कार्यवाही

**मुख्य प्रकाशनहरु/प्रस्तुतीहरु**

- अपांग व्यक्तिहरुको अधिकार, जातिय भेदभावको उन्मूलन एवं बाल बालिकाहरुको अधिकार लगायत मानव अधिकारका मुद्धाहरुमा विधान परिषद र अन्तर्राष्ट्रिय निकायहरुमा १३ वटा निवेदन प्रस्तुतिकरण गरिएको,
- ८ वटा भाषाहरुमा जातिय भेदभाव अध्यादेश अन्तर्गत रोजगारमा अभ्यास संहिता
- "जातिय भेदभाव र म" नामक पुस्तिका ८ भाषाहरुमा
- इओसीबाट कानूनी सहायता मार्ग दर्शन जानकारी
  २०१०/११ मा प्रकाशित
  - अपांगता भेदभाव अध्यादेश अन्तर्गत परिमार्जित रोजगार अभ्यास संहिता
  - प्रवेश वा उपयोग सम्बन्धी औपचारिक अनुसन्धान प्रतिवेदन

**आर्थिक विवरण**

| | |
|---|---|
| जम्मा आम्दानी* | ८ करोड ७४ लाख ३० हजार हङ्गकङ्ग डलर |
| जम्मा खर्च | ८ करोड ७४ लाख २० हजार हङ्गकङ्ग डलर |
| बचत | १० हजार हङ्गकङ्ग डलर |

* सरकारी अनुदान ८ करोड ४६ लाख ५० हजार हङ्गकङ्ग डलर र अन्य आम्दानी २७ लाख असी हजार हङ्गकङ्ग डलर समेत जम्मा आम्दानी ।

**जम्मा खर्चको विवरण**

| | |
|---|---|
| सोधपूछ, उजुरी, अनुसन्धान र मध्यस्थता | ३ करोड १५ लाख २० हजार हङ्कङ्ग डलर |
| प्रचार र सार्वजनिक शिक्षा कार्यक्रमहरु | १ करोड ९७ लाख ४० हजार हङ्कङ्ग डलर |
| निति समर्थन, अनुसन्धान र प्रशिक्षण मापदण्ड | १ करोड १७ लाख ९० हजार हङ्कङ्ग डलर |
| प्रशिक्षण एवं परामर्श सेवाहरु | ६१ लाख हङ्कङ्ग डलर |
| कानूनी सहायता | १ करोड ३६ लाख २० हजार हङ्कङ्ग डलर |
| अन्य कानूनी खर्चहरु | ४६ लाख ५० हजार हङ्कङ्ग डलर |
| जम्मा खर्च: | ८ करोड ७४ लाख २० हजार हङ्कङ्ग डलर |

ठेगाना : 16/F., 41 Heung Yip Road,Wong Chuk Hang, Hong Kong
( १९ तल्ला, सिटीप्लाजा तीन, १४ ताइकू वान रोड, ताइकू सिङ्ग, हङ्कङ्ग )
टेलिफोन : 2511 8211
वेवसाइट : www.eoc.org.hk
फ्याक्स : 2877 7600
इमेल : eoc@eoc.org.hk
यू ट्यूबमा ईओसी: www.youtube.com/user/hkeoc